नाम :- भावना वि.क.

तह :- बि. बि.एस दोस्रो वर्ष

प्रतियोगिता :- निबन्ध

मिति : २०८२/१२/२० गते

सूचना प्रविधिको युगमा डिजिटल साक्षरता

डिजिटल साक्षरता भन्नाले डिजिटल उपकरण र प्रविधि प्रयोग गरेर सूचना खोज्ने, बुझ्ने, विश्लेषण गर्ने, सुरक्षित प्रयोग गर्ने र आवश्यक परे अरुसँग साझा गर्ने क्षमतालाई बुझाउँछ। आजको आधुनिक युग सूचना प्रविधिको तीव्र विकाससँगै अघि बढिरहेको छ। हाम्रो दैनिक जीवन अब प्रविधिबिना कल्पना गर्न पनि गाह्रो भइसकेको छ। ~~बिहान~~ बिहान उठेर सुरु हुने दिनदेखि राति सुत्दा सम्म हामी कुनै न कुनै रुपमा डिजिटल उपकरण र इन्टरनेटसँग जोडिएका हुन्छौं। पढाई, मनोरञ्जन, सञ्चार, किनमेल, बैंकिङ, सरकारी काम ~~र~~ सबै कुरा अब अनलाइन माध्यमबाट सजिलै गर्न सकिन्छ। यस्ता अवस्थालाई ध्यानमा राख्दै आजको समयलाई सूचना प्रविधिको युग भनिन्छ। यस युगमा डिजिटल साक्षरता केवल एक विषय वा सीप मात्र होइन, हाम्रो जीवन चलाउने आधार बनिसकेको छ। डिजिटल साक्षरता भन्नाले ~~डिजि~~ केवल कम्प्युटर वा मोबाइल चलाउन जान्नु मात्र होइन. यसले डिजिटल उपकरण र प्रविधिको सही सुरक्षित र प्रभावकारी प्रयोग गर्न सक्ने क्षमता बुझाउँछ। आजको युगमा केवल अक्षर चिन्नु वा लेख्न जान्नु मात्र पर्याप्त छैन। प्रविधि र डिजिटल माध्यमको सही, सुरक्षित र प्रभावकारी प्रयोग गर्न सक्ने क्षमता हुनु पनि अति आवश्यक छ।

- पहिला - पहिला कुनै जानकारी चाहियो भने पुस्तकालय धाउनुपर्थ्यो, शिक्षकसँग सोध्नुपर्थ्यो वा अरु व्यक्तिको भर पर्नुपर्थ्यो। ~~अ~~ तर आजको समयमा मोबाइल, कम्प्युटर वा अन्य उपकरणहरुको माध्यमबाट खाली सर्च मात्र गरेर तुरुन्तै उत्तर पाउन सकिन्छ। यसले

हाम्रो समय बचाएको छ, कामलाई सजिलो बनाएको छ, र हाम्रो जीवनलाई अझ व्यवस्थित बनाएको छ। अझ विद्यार्थीहरुका लागि डिजिटल माध्यम अति उपयोगि छ। उनीहरु घरमै बसेर अनलाइन कक्षा लिन सक्छन, भिडियो हेरेर अध्ययन गर्न सक्छन र ई-पुस्तकमार्फत नयाँ ज्ञान प्राप्त गर्न सक्छन। शिक्षकहरुले पनि प्रविधिको प्रयोग गरेर पढाइलाई अझ आकर्षक र प्रभावकारी बनाउन सक्छन। यसरी डिजिटल साक्षरताले केवल पढाइ मात्र होइन, सिकाइको तरिकालाई नै पूर्ण रुपमा परिवर्तन गरिदिएको हुन्छ।

डिजिटल साक्षरता भएको व्यक्तिले दैनिक जीवनका धेरै काम सजिलै गर्न सक्छ। आज हामि घरमै बसेर सामान किन्छौँ, बिल तिर्छौं, पैसा पठाउँछौं र विभिन्न सरकारी तथा निजी सेवा लिन सक्छौं। पहिले यस्ता काम गर्न घण्टौं लाइन बस्नुपर्थ्यो, तर अहिले केहि मिनेटमै सबै काम सकिन्छ। व्यवसाय गर्ने मानिसहरुले पनि डिजिटल माध्यम र सामाजिक सञ्जाल प्रयोग गरेर आफ्नो व्यापारलाई ठुलो बनाउन सक्छन। सानो व्यापार पनि डिजिटल प्लेटफर्ममार्फत देश-भर वा विदेशसम्म पुऱ्याउन सकिन्छ। यसले मानिसलाई आत्मनिर्भर बन्न, नयाँ अवसर खोज्न र सृजनात्मक सोच विकास गर्न मद्दत गर्छ। डिजिटल साक्षरताले हाम्रो दैनीकी सजिलो मात्र बनाएको छैन, सामाजिक र आर्थिक उन्नतिका लागि पनि महत्वपूर्ण योगदान पुऱ्याएको छ।

तर प्रविधिको प्रयोगसँगै केही चुनौतीहरु पनि देखिएका छन। इन्टरनेटमा पाइने सबै जानकारी सहि हुदैँन। कहिलेकाहिँ झुट, भ्रम वा अधुरा जानकारी पनि छिट्टै फैलिन्छन। यदि

हामिले सोचविचार नगरी विश्वास गर्यौं भने हामि गलत बाटो-मा जान सक्छौं। उदाहरणका लागि, सामाजिक सञ्जालमा फैलिएका हल्ला वा अफवाहले समाजमा भ्रम, डर र विवाद सिर्जना गर्न सक्छ। डिजिटल साक्षरता नभएको व्यक्ति आजको समाजमा आँखा भएर पनि अन्धा जस्तै हुन्छ, किनकि उसले उपलब्ध अवसर र जानकारीको मूल्य बुझ्न सक्दैन। त्यसैले डिजिटल साक्षरता केवल मोबाइल चलाउन जान्नु मात्र होइन, सुचना बुझ्ने, सही निर्णय लिने, र समस्या समाधान गर्ने क्षमता पनि हो।

डिजिटल साक्षरताले समाजमा समान अवसर सुनिश्चित गर्न पनि मद्दत गर्छ। डिजिटल साक्षरता नहुँदा धेरै मानिसहरु, विशेष गरि ग्रामीण क्षेत्रका बासिन्दा, सुचना र अवसरबाट वञ्चित रहन्छन। यसले समाजमा डिजिटल विभाजन वा असमानता सिर्जना गर्छ। साथै, साइबर अपराध पनि बढ्दै गएको छ जस्तै अनलाइन ठगी, पासवर्ड चोरी, गोपनीयताको उल्लङ्घन र व्यक्तिगत जानकारी दुरुपयोग जस्ता ~~जोखिमको सिकार~~ समस्या दिन-दिनै बढिरहेका छन। यदि मानिसलाई डिजिटल सुरक्षा र नैतिक प्रयोगको ज्ञान छैन भने उ सजिलै यस्ता जोखिमको सिकार हुन सक्छ। त्यसैले डिजिटल साक्षरता केवल सुविधा प्राप्त गर्ने माध्यम मात्र नभई आफ्नो जीवन र सुरक्षा सुनिश्चित गर्ने शक्तिशाली उपाय पनि हो।

नेपालमा डिजिटल साक्षरता विस्तार हुँदै गएको छ। शहरका अधिकांश मानिसले डिजिटल माध्यमको अधिकतम उपयोग गर्न थालेका छन। सरकारले इन्टरनेट सेवा विस्तार, विद्याल-यमा कम्प्युटर शिक्षा र तालिम कार्यक्रम सञ्चालन गर्ने

प्रयास गरिरहेको छ। तर अझै पनि सबै ठाउँमा समान सुविधा पुगेको छैन। विशेष गरि ग्रामीण क्षेत्र, महिला, वृद्ध, अशिक्षित र आर्थिक रुपमा कमजोर वर्ग अझै पनि पछाडि छन। यस्तो अवस्थामा डिजिटल साक्षरता फैलाउन सरकारी, निजी र गैरसरकारी सबै संस्था मिलेर काम गर्नु आवश्यक छ। यसले मात्र सबै नागरिकले समान रुपमा अवसर र सुविधा प्राप्त गर्न सक्छन।

डिजिटल साक्षरता विकासमा शिक्षाको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। विद्यालयमा विद्यार्थीहरुलाई कम्प्युटर चलाउने, इन्टरनेटको सही प्रयोग गर्ने र साइबर सुरक्षा -बारे सिकाउनु अनिवार्य हुन्छ। शिक्षकहरुले प्रविधिको प्रयोग गरेर पढाइलाई रमाइलो र प्रभावकारी बनाउन सक्छन। अभिभावकहरुले पनि आफ्ना बालबालिकालाई डिजिटल उपकरणको सही र सुरक्षित प्रयोग गर्न सिका -उनुपर्छ। यदि सानैदेखि डिजिटल ज्ञान विकास गरियो भने नयाँ पुस्ता भविष्यमा सक्षम, जिम्मेवार र सचेत नाग -रिक बन्न सक्छ। यसले समाजलाई दीर्घकालीन रुपमा सकारात्मक दिशा दिन मद्दत गर्छ।

डिजिटल साक्षरताका विभिन्न आयामहरु छन। प्राविधिक सीप, सूचना साक्षरता, मिडिया साक्षरता, सञ्चार सीप र साइबर सुरक्षा सम्बन्धी ज्ञान यसका मुख्य पक्षहरु हुन। यी सबै पक्षहरुको समन्वयले मात्र पूर्ण डिजिटल साक्षरता सम्भव हुन्छ। उदाहरणका लागि, कम्प्युटर चलाउन जान्नु मात्र पर्याप्त हुँदैन, त्यसबाट प्राप्त सूचनाको सही उपयोग गर्न जान्नु पनि आवश्यक हुन्छ। नेपाल जस्तो

विकासोन्मुख देशमा डिजिटल साक्षरता अझै विकासको चरणमा रहेको छ। शहर क्षेत्रमा डिजिटल प्रविधिको पहुँच राम्रो भए पनि ग्रामीण क्षेत्रमा अझै कमी देखिन्छ इन्टरनेट पहुँच, आवश्यक उपकरणको अभाव, डिजिटल ज्ञानको कमी आदि समस्याहरू रहेका छन्। यसका समाधानका लागि सरकारले डिजिटल पूर्वाधार विकास गर्ने, सस्तो र सुलभ इन्टरनेट सेवा उपलब्ध गराउने तथा जनचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक छ।

डिजिटल साक्षरताले सामाजिक समावेशीतालाई पनि प्रवर्द्धन गर्दछ। जब सबै व्यक्तिहरू डिजिटल रूपमा सक्षम हुन्छन्, तब उनीहरूले समान अवसरहरू प्राप्त गर्न सक्छन्। यसले समाजमा रहेको असमानता घटाउन मद्दत गर्दछ। विशेष गरी महिला, पिछडिएका वर्ग, अपाङ्गता भएका व्यक्तिहरूलाई डिजिटल रूपमा सशक्त बनाउनु अत्यन्त आवश्यक छ। डिजिटल साक्षरताको महत्त्व दिनप्रतिदिन बढ्दै गइरहेको सन्दर्भमा यसको दिगो विकासका लागि दीर्घकालीन योजना आवश्यक हुन्छ। प्रविधि निरन्तर परिवर्तन भइरहने भएकाले डिजिटल साक्षरता पनि स्थिर रहने विषय होइन। यसलाई समयअनुसार ~~अद्यावधिक~~ परिवर्तित गरिरहनु पर्छ। नयाँ-नयाँ प्रविधिहरू जस्तै: कृत्रिम बुद्धिमत्ता, क्लाउड ~~कम्प्युटिङ~~ कम्प्युटिङ, बिग डाटा आदि विषयहरू पनि अहिलेको सन्दर्भमा महत्त्वपूर्ण बन्दै गएका छन्। त्यसैले डिजिटल साक्षरतामा यी पक्षहरूलाई पनि समेट्न आवश्यक छ।

डिजिटल साक्षरता केवल प्रविधि प्रयोग गर्ने सीप मात्र होइन, यो जिम्मेवारीपूर्ण र नैतिक प्रयोगसँग पनि सम्बन्धित छ। अनलाइन व्यवहार, अरुको गोपनीयताको सम्मान, गलत सूचना नफैलाउने, सभ्य संवाद गर्ने जस्ता कुराहरु पनि डिजिटल साक्षरताका अंग हुन्। यदि डिजिटल साक्षरता सही रुपमा विकास गरिएन भने यसले समाजमा नकारात्मक प्रभाव पार्न सक्छ। त्यसैले यसको सन्तुलित र जिम्मेवारीपूर्ण प्रयोग आवश्यक हुन्छ। र यसमा सुविधा वा सीप मात्र होइन, हाम्रो जीवनको अपरिहार्य आवश्यकता बनेको छ। यसले हामीलाई नयाँ कुरा सिक्न, अवसर पाउन, सोच विकास गर्न र आत्मनिर्भर बन्न मद्दत गर्छ। डिजिटल साक्षरता बिना आजको संसारसँग कदम मिलाएर अघि बढ्न असम्भव छ। यदि हामीले डिजिटल साक्षरतालाई प्राथमिकता दियौं भने मात्र हाम्रो समाज, हाम्रो देश र हरेक व्यक्ति ~~को~~ उज्ज्वल, समृद्ध र प्रगतिशील भविष्यतर्फ अग्रसर हुन सक्छ। डिजिटल साक्षरताले मात्र हामीलाई सुरक्षित, जिम्मेवार र सशक्त बनाउँछ। त्यसैगरी यसले डिजिटल रुपमा सक्षम जनशक्तिले नवप्रवर्तन र उद्यमशीलतालाई प्रवर्द्धन गर्छ। यसले आर्थिक टेवा पुर्‍याउँछ र देशलाई विश्व प्रतिस्पर्धा अगाडि बढ्न मद्दत गर्छ। साथै, डिजिटल प्रविधिको प्रभावकारी प्रयोगले ~~साद~~ पारदर्शिता, उत्तरदायित्व र सुशासनलाई पनि मजबुत बनाउँछ। यसैले डिजिटल साक्षरता राष्ट्र निर्माणको एक महत्वपूर्ण आधार बनेको छ।

यसमा डिजिटल साक्षरताको केवल प्रयोग मात्र गर्नु पनि डिजिटल साक्षरता होइन, बरु यसको पछाडि लुकेको मनोविज्ञान, अर्थशास्त्र र सामाजिक प्रभावलाई पनि बुझ्नु हो। एउटा डिजिटल रूपमा सचेत र साक्षर नागरिकले आफुले प्रविधिमा बिताएको समय र त्यहाँ दिने जानकारीले आफ्नो गोपनियतामा कस्तो असर पारिरहेको छ भन्ने कुरामा सुक्ष्म ज्ञान राख्नुपर्दछ। आजको ~~युग~~ पुस्तामा प्रविधिको ~~लत~~ लत एउटा नयाँ र भयानक रोगको रूपमा देखा परिरहेको छ। मानिसहरु घन्टौंसम्म मोबाइलको स्क्रिनमा टोलाइरहेका हुन्छन्, जसले गर्दा उनीहरुको ~~शारि~~ शारीरिक स्वास्थ्य मात्र बिग्रिएको छैन, बरु मानसिक शान्ति र एकाग्रता पनि हराउँदै गएको छ। प्रविधिको यो अदृश्य पर्खालले मानिसलाई परिवार र समाजबाट टाढा बनाउँदै एकलोपनको सुरुङमा ~~धकेलिरहेको~~ धकेलिरहेको छ। त्यसैले साँचो डिजिटल साक्षरताले मानिसलाई प्रविधिको सन्तुलित र स्वस्थ प्रयोग गर्न सिकाउँछ। यसले हामीलाई सिकाउँछ कि कहिले प्रविधिसँग जोडिने र कहिले प्रविधिबाट टाढा बसेर वास्तविक प्रकृतिको आनन्द लिने।

आर्थिक दृष्टिकोणबाट हेर्ने हो भने डिजिटल साक्षरताले विश्वव्यापी अर्थतन्त्रको स्वरूपलाई नै पूर्ण रूपमा बदलिदिएको छ। हिजोका दिनमा कुनै पनि देशको आर्थिक समृद्धिको मापन त्यस देशमा रहेका भौतिक कारखाना, जमिनको उत्पादकत्व र श्रम शक्तिको आधारमा हुन्थ्यो। तर आजको डिजिटल युगमा सबभन्दा मुल्यवान

सम्पत्ति भनेको डाटा अर्थात तथ्याङ्क र त्यसलाई प्रशोधन गर्न सक्ने बौद्धिक जनशक्ति हो। डिजिटल साक्षरताकै कारणले संसारको कुनै एउटा कुनामा बसेको सफ्टवेयर इन्जिनियरले हजारौं माइल टाढा रहेको कम्पनीका काम गरेर विदेशी मुद्रा आर्जन गरिरहेको हुन्छ। एउटा सानो कोठामा बसेर सुरु गरिएको डिजिटल व्यवसायहरूले केहि वर्षमै अर्बौंको साम्राज्य खडा गरेका उदाहरणहरू पनि हाम्रै सामु छन। यसले के देखाउँछ भने अबको समृद्धि भौतिक पूँजीमा मात्र होइन, बरु डिजिटल सीप र सिर्जनशीलतामा अडिएको छ। हाम्रो जस्तो विकासोन्मुख देशले यदि आफ्ना युवाहरूलाई उच्च स्तरको डिजिटल साक्षरता र सीप प्रदान गर्न सक्यो भने, हामीले कुनै पनि ठुला भौतिक उद्योगहरु स्थापना नगरीकनै पनि देशको अर्थतन्त्रमा फड्को मार्न सक्छौं। तर हाम्रो शिक्षा प्रणाली अझै पनि पुरानै ढर्रामा चलिरहेको छ, जसमा डिग्री त दिन्छ तर आधुनिक बजारले खोज्ने डिजिटल सीप भने सिकाउदैंन। डिजिटल साक्षरताले विद्यार्थीहरूमा आलोचनात्मक चेत र खोजी गर्ने प्रवृत्तिको विकास गर्छ। यसले उनीहरूलाई सधैं अरुले दिएको ज्ञानमा मात्र निर्भर नरहेर आफैं नयाँ कुराको खोजी गर्न र सिर्जना गर्न प्रेरित गर्छ। तर यसका लागि हाम्रा विद्यालयहरूमा पर्याप्त प्रविधि सामाग्रीहरु र त्यसलाई सही रुपमा सञ्चालन गर्न सक्ने दक्ष शिक्षकहरूको व्यवस्था हुनुपर्दछ।

प्रविधिको यो यात्रा केवल सहज र सुलभ मात्र मात्र छैन। प्रविधिको यो तीव्र विकासले एकातिर धेरै मानवीय कामहरु -लाई सजिलो बनाइदिएको छ भने अर्कोतिर करोडौं मानिसहरुको रोजगारी खोसिने खतरा पनि बढाएको छ। किनभने एआई अर्थात कृत्रिम बौद्धिकताको यो नयाँ लहरले मानव सभ्यतालाई फेरी नयाँ मोडमा पुर्‍याइदिएको छ। मेसिनले पनि मानिसले जस्तै सोच्न, लेख्न, चित्र बनाउन र निर्णय गर्न थालेका छन्। अबको केहि वर्षमा परम्परागत रुपमा गरिदै आएका धेरै कामहरु मेसिनहरु -ले नै गर्नेछन्। यस्तो अवस्थामा ती व्यक्तिहरु मात्र सुर -क्षित रहनेछन्, जुन व्यक्तिसँग उच्च स्तरको डिजिटल चेतना र यस्ता प्रविधिहरुलाई निर्देशन दिन सक्ने क्षमता हुन्छ।

प्रविधिको विकाससँगै जैविकता र मानवताको मौलिकता हराउँदै जाने हो की भन्ने ठुलो संशय पनि पैदा भएको छ। घरमा सँगै बसेर खाना खाइरहँदा पनि कसैको कसैसँग बोलचाल हुदैन, सबै आ- आफ्ना डिजिटल संसारमा हराइरहेका हुन्छन। यो कस्तो डिजिटल युग हो, जहाँ संसारभरिका हजारौं मानिसहरुसँग जोडिन सकिन्छ तर आफ्नै देशमा बसेको मानिस कति पीडामा छ भनेर थाहा पाउन खोजिदैन। त्यसैले वास्तविक डिजिटल साक्षरताले मानिसलाई यो पनि सिकाउनुपर्छ कि प्रविधि मानव जीवनलाई सुधार्नका लागि बनेको हो, मानव मौलिकता र संवेदनालाई मार्नका लागि होइन। त्यसैले डिजिटल रुपमा जतिसुकै प्रगति गरे पनि मानिसभित्रको मानवीय संवेदना, प्रेम, दया, र करुणा मर्नु हुदैन।

अन्ततः सूचना प्रविधिको यो महासागरमा हामी सबै अ-
यात्रुहरु हौं र डिजिटल साक्षरता हाम्रो मार्ग सूचक यन्त्र हो।
राज्यले आफ्ना नागरिकहरुलाई यो यन्त्र चलाउन नसिका-
-ए सम्म समृद्ध नेपालको परिकल्पना केवल एउटा
अधुरो सपना मात्र रहनेछ। डिजिटल साक्षरता केवल कुनै
एउटा विषय मात्र होइन, यो त परिवर्तनशील संसारसँग
कदम मिलाएर हिँड्ने एउटा कला हो। यो कलालाई
समाजको अन्तिम तहमा रहेका मानिसहरुमा नपुऱ्याएसम्म
हामीले साँचो लोकतन्त्र र समानताको अनुभूति गर्न सक्ने
छैनौं। हामी सबै मिलेर प्रविधिको यो वरदानलाई मानवता
-को हितमा, शिक्षाको ज्योति फैलाउनमा र देशको
समृद्धिको यात्रामा सदुपयोग गरौं। प्रविधिको सदुपयोग
-ले सिर्जना गर्ने उज्यालोले हाम्रो समाजका हरेक
अँध्यारा कुनाहरुलाई मेटाउन सकोस् र नयाँ पुस्ता
एउटा सशक्त, सचेत र डिजिटल रुपमा सक्षम नागरिक
बन्न सकोस्। यही नै आजको युगको सबैभन्दा ठुलो
माग र हाम्रो परम कर्तव्य हो।

•समाप्त•